REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 19.05.2025

---

*CM Floodlight*

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले हिजो साँझ रम्फु माइनिङ स्थित सिक्किम क्रिकेट मैदानमा नयाँ जड़ान गरिएको floodlight को उद्घाटन गर्नुभयो।

राज्यमा खेल पर्वाधारको विकासमा यसलाई महत्वपूर्ण माइलखुट्टी बचाउँदै उहाँले भन्नुभएको यस कार्यले सिक्किममा क्रिकेट खेलका लागि नयाँ अध्याय थपिएको छ जसद्वारा उदीयमान क्रिकेट खेलाडीहरूलाई आफ्नो कोशलता बढ़ाउनमा सहयता पुग्न जानेछ। यस अवसरमा आयोजित Chief Secretary eleven र सिक्किम क्रिकेट संघ eleven बीच भएको प्रतिस्पर्धामा सिक्किम क्रिकेट संघ eleven बिजयी भयो।

---

*Election Meeting*

भारतको निर्वाचन आयोगको निर्देश अनुरूप राजनीतिक पार्टीका प्रतिनिधिहरूसित जिल्ला निर्वाचन अधिकारी र चुनाव पञ्जीकरण अधिकारीहरूको मासिक बेठक जिल्ला प्रशासनिक केन्द्र सोरेङमा आज बस्यो।

जिल्लाधीश धीरज सुबेदीले अध्यक्षता गर्नुभएको बैठकमा विभिन्न विषयहरूबारे चर्चा गरियो। यीमध्ये नामाङ्कनका लागि योग्यता शर्त नागरिकताको निर्धार, आधार निथि मतदाता सूचीको संशोधन र संशोधन पूर्वका गतिविधिहरू, नक्कली फोटोयुक्त मतदाता परिचय पत्र हटाउने, बूथ स्तरीय एजेन्टहरूको नियुक्तिको स्थित र सोरेङ जिल्ला अन्तर्गत चारवटा निर्वाचन क्षेत्रहरूको मतदान केन्द्र स्तरीय अधिकारीहरूका लागि पर्यवेक्षणकर्ताहरूको नियुक्ति सामेल छन्। बैठकमा अतिरिक्त जिल्लाधीश, महकुमा अधिकारी र चुनाउ कक्षका अधिकृतहरूसँगै सिक्किम क्रान्तिकारी मोर्चा एस के एम सिक्किम प्रजातान्त्रिक मोर्चा र सिटिजन एक्शन पार्टी सिक्किमका प्रतिनिधिहरू उपस्थित थिए।

---

*Namchi Election Meeting*

नाम्ची जिल्ला प्रशासनिक केन्द्रमा पनि आज यस्तै बैठक बस्यो।

अतिरिक्त जिल्लाधीश सुवास घिमिरेले अध्यक्षता गर्नुभएको बेठकमा प्रत्येक समस्टिका लागि मतदान केन्द्र स्तरीय एजेन्टहरूको नियुक्ति र अहिले भइरहेको मतदाता पञ्जीकरण प्रक्रिया जस्ता विषयहरूबारे विचारमिर्श भयो।

यसमा उपस्थित राजनीतिक पार्टीका प्रतिनिधिहरूले आ आफ्ना सुझाउ तथा विचार व्यक्त गरे।

---

*Sikkim Milk New Products Launched*

सिक्किम भारतीय संघमा बिलय भएको पचास वर्ष पूर्ण भएको अवसरमा गत सोह्र मईका दिन गान्तोकमा भव्य समारोह आयोजन गरियो।

राज्यपाल ओम प्रकाण माथुर मुख्य अतिथि र मुख्यमन्त्री प्रेमसिंह तामाङ विशिष्ट अतिथि रहनुभएको स्वर्णजयन्ती समारोहमा सिक्किम सहकारी दुध उत्पादक संघका सोह्रवटा नयाँ उत्पादहरूको अधिकारिक शुभारम्भ गरियो।

यस अवसरमा अन्य गन्यमान्य व्यक्तिहरू वाहेक सिक्किम दुध संघका अध्यक्ष यस कुमार शर्मा र प्रवन्ध निदेशक डा टी बी घतानी पनि उपस्थित हुनुहुन्थ्यो।

इन्द्रकील स्वीटसो नाममा विविध प्रकारका पारम्परिक उत्पादहरूमा प्रमुख छन् इन्द्रकील ढकने, इन्द्रकील कसार, इन्द्रकील स्वच्छ, इन्द्रकील खीर मोहन, इन्द्रकील मिल्क केक, दही, मोर्ड र Ice cream।

सिक्किम दूध संघले 1980 सालमा आफ्नो यात्रा शुरू गर्दा एन्काउ दूध सहकारी समितिहरूका दुइहजार पञ्जीकृत दूध उत्पादकहरूबाट दुइ हजार एक सय एकानब्बे किलो दूध संग्रह गरयो भने अहिले छ सय नब्बे दुध सहकारी समितिहरूको माध्यमद्वारा अठार हजार दूध उत्पादकहरू लाभान्वित भइरहेछन्।

---

*PIB Vartalap*

पत्र सूचना कार्यालय पि आई बि गान्तोकले आज गान्तोकमा मीडिया कार्यशाला वार्तालाप आयोजित गरयो। सञ्चारकर्मीहरूलाई सरकारका प्रमुख पहल र योजनाहरूबारे जानकारी प्रदान गर्ने अनि सरकारी अधिकारीहरू र सिक्किमका पत्रकारहरूबीच सेतु निर्माण गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रमलाई सम्वोधन गर्दै मुख्य अतिथि पि आई बि गुवाहाटीका अतिरिक्त महानिदेशक कृपा शङ्कर यादवले भन्नुभयो स्थानीय मीडिया गृहहरूले राज्यका कुना कुनाका मानिसहरूलाई विभिन्न विषयहरूबारे सूचित गर्ने जिम्मेवारी निर्वाहण गर्नुपर्छ। आफ्नो वक्तव्यमा बि एस आई गान्तोकका प्रमुख डा. राजीव गोगोईले जलवायु परिवर्त नवारे बोल्दै पर्यावरण संरक्षणप्रति ध्यान दिनुपर्ने आवश्यकतामाथि बल दिनुभयो। यस अवसरमा आयोजित विभिन्न सत्रमा विशेषज्ञहरू मुख्य मन्त्रीका राजनीतिक सचिव विकास बस्नेत, पर्यटन सचिव प्रकाश छेत्री, सूचना तथा जनसम्पर्क सचिव अन्नपूर्ण आले र वरिष्ट पत्रकार अमित पात्रोले मिडियाको विकास, कैलाश मानसरोवर यात्रा तथा पर्यटनका गतिविधिहरू र झुटा समाचार तथा प्रचारको सामना गर्ने उपायहरूबारे आ आफ्ना विचार व्यक्त गर्नुभयो।

---

*Marathon Man Amar Subba*

सिक्किमका म्याराथन म्याच अमर सुब्बाले नेपालमा यसै महीना उन्तीस तारीक आयोजित हुने तेञ्जिङ हिलरी एभरेस्ट म्याराथन 2025 मा सहभागिता जनाउनेछन्।

यसमा पैंतिस देशका लगभग दुइ सय अस्सीजना धावकहरूले भाग लिइरहेछन्। श्री सुब्बाको 2017 सालपछि नेपालको म्याराथनमा सहभागिता रहेको यो दोस्रो पटक हो सिक्किम राज्य गठनको पचास वर्षगाँठ मनाउन नेपाल र भारतको सिक्किमबीच मैत्रीपूर्ण सम्बन्धलाई सुदृढ़ बनाउने उद्देश्यले उनलाई आमन्त्रित गरिएको हो। प्राप्त प्रेस विज्ञप्ती अनुसार यस अवसरमा म्याराथन म्यान अमर सुब्बालाई सम्मानित गर्नका साथै सगरमाथाको उचाईँको प्रतीक स्वरूप आठ हजार आठ सय अड्चालिस रूपियाँ नगद राशि प्रदान गरिनेछ।

---

*PM Mann Ki Baat*

प्रधानमन्त्री नरेन्द्र मोदीले पच्चीस मईका दिन आकाशवाणीको मन की बात कार्यक्रममा आफ्नो विचार देश विदेशका मानिसहरूसित साझा गर्नुहुनेछ। यो मासित रेडियो कार्यक्रमको एक सय बाइसौ प्रकरण हुनेछ।

---